**भूकम्प सुरक्षा दिवस, २०७८ मूल समारोह समितिको मिति २०७८ पौष १४ गते बसेको बैठकका निर्णयहरु :**

**निर्णय नं. १:** भूकम्प सुरक्षा दिवस, २०७८, मूल समारोहको कार्यक्रम ललितपुर महानगरपालिकाको पाटन दरवार स्क्वयरमा आयोजना गर्ने ।

**निर्णय नं. २:** उक्त भूकम्प सुरक्षा दिवस, २०७८, मूल समारोहको कार्यक्रमको प्रमुख अतिथिका रुपमा उपस्थितिका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने ।

**निर्णय नं. ३:** भूकम्प सुरक्षा दिवस, २०७८ को नारा **"भूकम्पीय सचेतना, सुरक्षित संरचना ।"** निर्धारण गर्ने ।

**निर्णय नं. ४:** भूकम्प सुरक्षा दिवसको मार्गदर्शन, २०७१ को व्यवस्था बमोजिम गठित ललितपुर महानगरपालिकाका नगर प्रमुखको संयोजकत्वमा व्यवस्थापन उप-समिति र सहरी विकास तथा भवन निर्माण विभागको महानिर्देशकको संयोजकत्वमा प्रचार प्रसार उप-समिति गठन गर्ने र उपर्युक्त उपसमितिहरुले उक्त मार्गदर्शन बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने ।

**निर्णय नं. ५:** २४ औं भूकम्प सुरक्षा दिवसको नारा सहितको पोष्टर मुलुकभरका निजी, सामुदायिक तथा सरकारी विद्यालयहरुमा पठाई विभिन्न शैक्षिक एवम् चेतनामूलक कार्यक्रमहरु प्याब्सन/एनप्याब्सनलगायतका संघ-संस्थाहरुको समन्वयमा शिक्षक विद्यार्थीहरु समेतको सहभागितामा भूकम्प सुरक्षा दिवस, २०७८ विद्यालयस्तरमा मनाउन शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयलाई अनुरोध गर्ने । साथै सो दिन विद्यालयका प्रत्येक कक्षामा कम्तिमा एउटा कक्षा भूकम्प विषयमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ६:** प्रदेशस्तर र पालिकास्तरमा विभिन्न कार्यक्रमहरुसहित २४ औं भूकम्प सुरक्षा दिवस, २०७८ मनाउनका लागि सबै प्रदेश सरकारहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र जिल्ला समन्वय समिति एवम् स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गर्नका लागि अनुरोध गर्ने ।

**निर्णय नं. ७:** जिल्ला प्रशासन कार्यालयहरुलाई भूकम्प सुरक्षा दिवस मार्गदर्शन, २०७१ को दफा ३.२ का कार्यक्रमहरु आयोजना गरी भूकम्प सुरक्षा दिवस, २०७८ मनाउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट पत्राचार गर्ने । उक्त कार्यक्रमहरु सञ्चालन गर्न सबै जिल्ला प्रशासन कार्यालयहरुलाई केन्द्रिय विपद् व्यवस्थापन कोषबाट रु. २५०००/- (पच्चीस हजार) का दरले उपलब्ध गराउने ।

**निर्णय नं. ८:** उपत्यका भित्र र बाहिरका उद्योगहरुमध्ये कम्तिमा कुनै एक/एक उद्योगमा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माणसम्बन्धी सचेतना साथै कृत्रिम घटना अभ्यास (Simulation) कार्यक्रम सञ्चालन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत अनुरोध गर्ने ।

**निर्णय नं. ९:** भूकम्प सुरक्षा दिवस, २०७८ का विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका लागि केन्द्रिय विपद् व्यवस्थापन कोषबाट रु. ४,००,०००/- (चार लाख) भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाललाई उपलब्ध गराउने, सो रकमको खर्चको फरफारक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट गर्ने/गराउने ।

**निर्णय नं. १०:** भूकम्प सुरक्षा दिवस, २०७८ का उपलक्ष्यमा निम्न बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु आयोजना गर्ने । यसका अतिरिक्त संघ, प्रदेश, जिल्ला एवं स्थानीय तहमा भूकम्प सुरक्षा दिवस मार्गदर्शनमा उल्लेख भएका अन्य सान्दर्भिक कार्यक्रमहरु समेत आयोजना गर्न सकिने ।

| क.सं. | कार्यक्रमहरु | देखि | सम्म | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| क | प्रचार प्रसार सम्बन्धी कार्यक्रमहरु | | | |
| १ | राष्ट्रिय दैनिक छापा तथा अनलाइन अखबारहरुमा भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी लेख रचना प्रकाशन | पौष २६ | माघ १६ | प्रचार प्रसार उपसमिति |
| २ | भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी/प्रतिकार्य तथा पूनर्निर्माण सम्बन्धी डिजिटल प्रचार प्रसार सामग्रीहरु स्थानीय तहका कार्यालयहरुमा वितरण | पौष २६ | पौष ३० | प्रचार प्रसार उपसमिति |
| ३ | २४औं भूकम्प सुरक्षा दिवस, २०७८ पत्रकार सम्मेलन | पौष २८ | | प्रचार प्रसार उपसमिति |
| ४ | आम सञ्चार माध्यमहरुबाट भूकम्पीय जोखिम न्यूनीकरण, पूर्वतयारी/प्रतिकार्य तथा पूनर्निर्माणसम्बन्धी सार्वजनिक सन्देशहरु प्रसारण | पौष २८ | माघ ५ | प्रचार प्रसार उपसमिति |
| ५ | रेडियो तथा टेलिभिजनबाट भूकम्पीय जोखिम न्यूनीकरण सम्बन्धी परिसम्वाद तथा अन्तरक्रिया कार्यक्रमहरुको प्रसारण | पौष २८ | माघ ५ | प्रचार प्रसार उपसमिति |
| ६ | २४औं भूकम्प सुरक्षा दिवस, २०७८ राष्ट्रिय समितिका सभापति माननीय गृहमन्त्रीज्यूबाट रेडियो सन्देश (रेडियो नेपालबाट) | माघ २ | | प्रचार प्रसार उपसमिति |
| ख | काठमाडौं उपत्यका, प्रदेश, जिल्ला र स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रमहरु | | | |
| १ | भूकम्प स्मृति सभा, भूगोल पार्क, काठमाडौं . | माघ २ | | काठमाडौं महानगरपालिका |
| २ | भूकम्प स्मृति सभा, पाटन दरबार स्क्वायर, ललितपुर | माघ २ | | ललितपुर महानगरपालिका |
| ३ | भूकम्प सुरक्षा दिवस, २०७८ "मूल समारोह" आयोजना पाटन दरवार स्क्वायरमा | माघ २ | | मूल समारोह समिति, व्यवस्थापन उपसमिति |
| ४ | विपद् पुस्तिका विमोचन (मूल समारोह) | माघ २ | | ललितपुर महानगरपालिका |
| ५ | भूकम्प सुरक्षा डिजिटल प्रदर्शनी जुमलगायतका सञ्चार माध्यमबाट गर्ने । | माघ २ | माघ ५ | भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल |
| ६ | भूकम्पीय सुरक्षा सम्बन्धी राष्ट्रिय गोष्ठी | माघ ६ | माघ ७ | सहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल |
| ७ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण खोज तथा उद्धार सामग्री हस्तान्तरण | माघ ४ | | भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (युएसएड कार्यक्रम अन्तर्गत) |

| क्र.सं. | कार्यक्रमहरु | देखि | सम्म | जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ८ | सहरी विकास तथा भवन निर्माण विभाग, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस, डिपिनेट, प्रदेश सरकारहरु, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला स्थित विभिन्न कार्यालयहरु, पालिका हरुले २४औं भूकम्प सुरक्षा दिवसका उपलक्षमा भूकम्प सुरक्षा दिवस मार्गदर्शनमा उल्लेख भएका विभिन्न कार्यक्रमहरू आयोजना गर्ने | माघ २ | माघ ७ | सम्बन्धित सबै निकायहरु |
| ग | बिभिन्न साझेदार संस्थाहरू र सरोकारवालाहरुबाट बिभिन्न स्थानमा उपयुक्त किसिमका कार्यक्रमहरु आयोजना गर्ने। | | | सम्बन्धित संस्था वा निकायहरु |

१. भूकम्प सुरक्षा दिवस, २०७८ का उपलक्ष्यमा आयोजना हुने विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाई २४ औं भूकम्प सुरक्षा दिवस, २०७८ भव्यताका साथ मनाउन नागरिक समाज, संयुक्त राष्ट्र संघीय निकायहरु, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरु र सामुदायिक संस्थाहरुलाई आव्हान गर्ने।

२. भूकम्प सुरक्षा दिवस मार्ग दर्शन, २०७१ लाई समसामयिक परिमार्जन गर्नुपर्ने देखिएकोले समयानुकूल संशोधन एवं परिमार्जन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गृहकार्य गरी प्रक्रिया शुरु गर्ने ।